## मनराशिसवा नगरपालिका नवौ नगर सभा

## आ.व.२०७९।८० को नीति कार्यक्रम तथा बजेट प्रस्तुतीकरण

यस मनराशिसवा नगरपालिकाको नवौ नगर सभा कार्यक्रमको उप प्रमुख ज्यु, उपस्थित सम्पूर्ण नगर सभासदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारीहरु, नगरवासी एवम् उपस्थित सम्पूर्ण सज्जन वृन्द ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित भएर हौसला दिनुहुने सम्पुर्ण महानुभावहरुलाई सर्वप्रथम संघिय लोकतान्त्रीक गणतन्त्र घोषणा पछिको नवौ नगर सभा समारोहमा नगरपालिकाको तर्फबाट हार्दिक स्वागत, सम्मान र आभार व्यक्त गर्न चाहन्छु ।

आदरणीय महानुभावहरु,

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा मधेश आन्दोलन को लागि विभिन्न समयमा आफनो अमुल्य जिवन बलिदान दिनु हुने ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै विभिन्न आन्दोलनका कममा घाईते तथा अंगभंग हुनु भएका योद्धाहरुमा उच्च समान्न व्यक्त गर्न चाहन्छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पश्चात संघ, प्रदेश र स्थानिय तिनै तह संविधानले दिएको अधिकार आत्म साथ गर्दै मुलुकलाई दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सबै जना प्रतिबद्ध भई लागि परेका छन् । संविधान बमोजिम स्थानिय तहले आफनो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने कुरा सबैमा सर्वविदितै छ ।

नेपालको संविधान भाग १९ स्थानिय आर्थिक प्रणालीमा कानुन बमोजिम बाहेक स्थानिय तहमा कुनै कर लगाउने, उठाउने र ऋण लिन पाउने व्यवस्था र नगर कार्यपालिकाले प्रत्येक आर्थिक बर्षको राजश्व र व्ययको अनुमान सम्बन्धित नगर सभामा पेश गरि पारित गराउनु पर्ने संबैधानिक व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (३) मा नगर कार्यपालिकाले प्रत्येक वर्ष अषाढ महिनाको १० गते भित्र आगामी आर्थिक बर्षको राजश्व र व्यय को अनुमान सम्बन्धित नगर सभामा पेश गर्नु पर्ने व्यवस्था रहेको छ ।

प्रस्तुत संबैधानिक तथा कानुनी प्रावधान बमोजिम नगरपालिकाले तोकिएको समय भित्रै नगर सभामा आय-व्ययको अनुमान पेश गरि कानुनी शासन तथा जन उतरदायी शासन व्यवस्था प्रतिको दृढ विश्वास कायमै राखेको छ । यस अवधिमा नगरपालिकाले लिएको नीति र कार्यक्रमबाट हासिल गरेको उपलब्धी र हाम्रो अनुभुतिका बारेमा समेत समिक्षा गर्ने  छौ । साथै आर्थिक बर्ष २०७९।०८० को नीति तथा कार्यक्रम यस गरिमामय नवौ अधिबेशनमा प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भई रहेको छ ।

**आदरणीय महानुभावहरु,**

अब म आर्थिक बर्ष २०७९।०८० को नीति, बजेट तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु । अगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं नागरिकका मौलिक हकलाई मुख्य रुपमा लिएको छु । त्यसै गरि नेपाल सरकारको आर्थिक बर्ष २०७९।०८० को नीति, बजेट तथा कार्यक्रमलाई पनि मुख्य अधार लिएको छु ।

स्थानिय सरकार संचालन ऐन २०७४ र राष्ट्रिय प्राकृति श्रोत तथा वित्त आयोग ऐन २०७४ लाई पनि कानुनी अधारको रुपमा लिएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम पनि यसको अधारका रुपमा रहेको छ । स्थानिय जनताहरुको इच्छा आकांक्षा, आवश्यकता जनताले भोगनु परेका समस्या, आत्मसात गर्दै उपलब्ध श्रोत र साधनको उपलब्धता पनि यस नीति तथा कार्यक्रमको आधारको रुपमा रहेको छ ।

यस आ.व.को  आर्थिक  बजेट तथा कार्यक्रम तर्जुमा गर्दा समावेशि, सहभागितामुलक योजना पद्धती अवलम्बन गरिएको छ । नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरुमा छलफल भई प्राथमिकिकरण गरिएको र कार्यपालिकाबाट पारित गरे पछि सम्मानित सभामा पेश गरेको छु । यसबाट स्थानिय जनता र जनप्रतिनिधिहरु बिच अपनत्व र उत्तरदायित्वको भावना विकास हुने विश्वास गरिएको छ ।

## स्वच्छ, सृजनशील समृद्ध पर्यटकीय मनराशिसवा

लक्ष्यः " स्वच्छ, सृजनशील समृद्ध पर्यटकीय मनराशिसवा" बनाउने अवधारणा बमोजिम यस मनराशिसवा नगरपालिकाको विद्धमान अवसर तथा चुनौतिहरुलाई सम्बोधन गर्न दीर्घकालिन उद्देश्य सहित विकासलाई मौलिक ढाँचामा अगाडी बढाउने हाम्रो लक्ष्य छ ।

**उदेश्यः**

- अत्याधुनिक पुर्वाधार विकास सहित समग्र समृद्धिका लागि राजनीतिक,सामाजिक,प्रशासनीक, प्राविधिक, शैक्षिक तथा सां स्कृतिक पक्षको दीर्घकालिन योजना तर्जुमा र सोही अनुसा र स्वच्छ सृजनशिल समृद्ध र पर्यटकीय नगर निर्माण मा जोड दिने ।

- कृषि, उद्योग, व्यवसाय तथा उत्पादनमुलक प्रकृतिका क्रियाकलापबाट आर्थिक उन्नतिको अवसर सृजना गरी गरिबी न्युनिकरणमा जोड दिने ।

- आन्तरिक राजश्व वृद्धिका लागि नयाँ क्षेत्रको पहिचान गरी स्थानीय स्रोतको परिचालनबाट आत्म निर्भरतामा जोड दिने ।

- स्वस्थ, सुन्दर, वैज्ञानिक साथै अध्यात्मिक चिन्तनको विकास भएको उर्जाशिल र सिपयुक्त जनशक्ति निर्माणमा जोड दिने ।

- अपेक्षित उपलब्धिः अगामी आ.व. २०७९।८० को नीति, कार्यक्रम तथा बजेटबाट समग्र नगरवासीहरुको शैक्षिक, आर्थिक,सामाजिक,सांस्कृतिक तथा राजनीतिक विकास भई समृद्ध नगरको निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## <u>समग्र नीति तथा बजेटको प्राथमिकताको आधारहरुः</u>

क) नेपालको संविधान

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु

च) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना

ज) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

झ) स्रोत साधन

ञ) विकासका अन्तरसम्बन्धित विषयहरु

ट) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु ।

ठ) संघ र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

**बजेटका प्राथमिकताहरु : नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिईएको छ ।**

क) आर्थिक विकास  अन्तर्गत कृषि, सिचाई, पर्यटन र उद्योग ।

ख) सामाजीक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, युवा तथा खेलकुद ।

ग) पूर्वाधार विकास अन्तर्गत नाला सहितका सडक, ढल निकास, आवास, भवन र सौर्य उर्जा

घ) वातावरण तथा विपत व्यवस्थापन अन्तर्गत अन्तर्गत फोहोर मैला व्यवस्थापन तथा स्वच्छ वातावरण ।

ङ) सुशासन तथा संस्थागत विकास अन्तर्गत नीति कानुन कार्यविधि मापदण्ड, सुशासन तथा संस्थागत विकास ।

**वार्षिक नगर विकास योजना तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिईएको छ ।**

क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासंग अनुकुल हुने,

ख) एकिकृत शहरी विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन,

घ) सुशासन, लैंगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

ङ) समाजका सवै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु,

**क्षेत्रगत नीतिहरु : सम्मानित उप प्रमुख महोदय तथा सम्मानित सभाका सदस्य ज्यूहरु**

**युवाको साथ । शिक्षा र कृषिमा सुधार ॥**

**समुन्नत र समृद्ध मनराशिसवाको मूल आधार ॥॥**

**भन्ने मूल नाराका साथ आ.व. २०७९।०८० को बजेट, नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष पेश गर्न गई रहेको छु ।**

. <u>**कृषि तथा पशु विकास नीति**</u>

**"मनराशिसवा नगरपालकिाको समृद्धि उत्पादनमा वृद्धि"**

- "आर्थिक समृद्धिको अधार कृषि प्रसार" भन्ने मुल नाराका साथ कृषि उत्पादनमा व्यवसायिकरण,आधुनिकिकरण, यान्त्रिरीकरण तथा बजारीकरणमा विशेष जोड दिदैं सामुहिक खेती प्रणाली विकास गरी कृषि क्षेत्रलाइ आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्रका कृषि योग्य भुमिमा सिँचाइ सुविधा उपलब्ध गराउन शैलो टयुवेल, डीप टयुवेल, कुलो निर्माण नगरपालिका तथा प्रदेश सरकार/ संघीय सरकारको सहाकार्यमा संचालन गरिनेछ ।
- नगरभित्र कृषि सूचना केन्द्र र कृषि पाठशाला संचालन गरिनेछ ।
- धान, गेहु , तरकारी माछा उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउन उन्नत प्रविधि तथा बेमोसिमी तरकारी खेती, माछा पालन र भुरा उत्पादन धान र गेहु खेती सम्बन्धी तालिम संचालन गरिनेछ ।

- नगरवासीलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन साना सिँचाइलाइ कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- कृषि उत्पादनलाई व्यवसायिक बनाउन उन्नत वालीको विउ वितरण कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादनलाई वृद्धि गर्न माटो परिक्षण कार्यलाई विशेष जोड दिइनेछ ।
- गृहणी महिलाहरुको खेर गएको समय सदपयोग गरिने र आर्गेनिक तरकारी उत्पादन गरिने कार्यमा प्रोत्साहन गरिनेछ ।
- यवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाइने छ ।
- पशुपालन कार्यमा युवा,विपन्न तथा गरिब एकल महिला लाई प्रोत्साहन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगर क्षेत्रमा रहेका बेरोजगार सूचीमा सूचीकृत कामदारलाई विकास कार्यमा अधिकतम परिचालन गरिनेछ ।
- नगरलाई दुधमा आत्मनिर्भर बनाउने कार्यक्रम अन्तर्गत दुग्ध वितरक किशान र पशुपालक किसानलाई तालिमका साथ अन्य आवश्यक समन्वयताम्क सहकारी हरुको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- नगरक्षेत्रमा संचालनमा रहेको गरिबी निवारणका लागि लघु उधम कार्यक्रम लगायत बाट छनौट भएका उधमीहरुलाई उधमशीलता विकासका लागि प्राविधि सहयोग र स्तरोन्नति कार्यक्रम नियमीत गरिनेछ ।
- पशु खोप कार्यक्रम, व्यवसासिक पशुफार्म प्रबर्द्धन कार्यक्रममा जोड दिईनेछ ।
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान तथा पशु आहारा श्रोतकेन्द्र स्थापना गरी हिउँदे, बर्षे घाँस उत्पादनमा जोड दिइनेछ ।
- पशुधनको क्षति न्युनिकरणको लागि रोग नियन्त्रण खोप कार्यक्रम तथा पशु स्वास्थ्य शिविर संचालनको जोड दिइनेछ ।
- बर्डफ्लु लगायतका पशुजन्य महामारी नियन्त्रण गर्ने जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- रासायनिक मलको प्रयोगलाई क्रमशः निरुत्साहित गर्न कृषकहरुलाई प्रांगारिक मल उत्पादन सम्वन्धी प्राविधिक ज्ञान दिइने छ ।
- अर्गानिक तरकारी खेती तथा प्राङ्गारिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस नगरपालिकामा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।

- मनराशिसवा नगरपालिका अन्तर्गत सरपल्लोमा निर्माण भएको कोल्ड स्टोरलाई व्यवस्थित गर्न मेसिन/ औजारको प्रबन्ध मिलाईने छ ।

## पर्यटन सम्बन्धी नीति : –

- नगर पर्यटन व्यवस्थापन सम्बन्धि गुरु योजना निर्माण गरी पर्यटकीय पुर्वाधार विकासमा प्राथमिकीकरणका आधारमा लगानी गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रभित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र प्राकृतिक क्षेत्रको संरक्षण, सम्बर्द्धन गर्दै सम्भाव्यताको आधारमा पर्यटकीय क्षेत्रको विकासका कार्यक्रम संचालन गरिने छ ।
- पर्यटन क्षेत्रको दिगो विकासको लागी जनसहभागितामा आधारित वातावरण संरक्षण कार्यक्रम एकिकृत रुपमा संचालन गरिनेछ ।
- यस नगरपालिकामा रहेका सन्तराम गढी, महादेव मन्दिर, हनुमान मन्दिर, दुखिया माई, विसहारा पूजा लगायतका ऐतिहासिक, सांस्कृतिक एंव धार्मिक महत्वका क्षेत्रको विकासमा जोड दिइनेछ ।
- सार्वजनिक पोखरी सौंदर्यकरणका लागि प्रदेश तथा संघ सरकार संग समन्वय गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- पर्यटकीय स्थलहरुमा फ्री वाई फाई जोनको व्यवस्था गरिने छ ।

## शिक्षा युवा तथा खेलकुद

- मनराशिसवा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका बनाईने छ ।
- सबै बालबालिकाको पहुँच विधालय सम्म पुर्याउन बालबालिका भिकाउ,सिकाउ र टिकाउ को संचालन गरिनेछ ।
- प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक कक्षाको गुणस्तरीय पहुँच सुनिश्चित गर्न बालमैत्रि बातावरण सिकाइ गरिनेछ । बालबालिकाको रुचिलाई ध्यानमा राख्दै विधालयहरुमा बालबालिका अनुकुल खेल सामग्रीको व्यवस्था गरिनेछ ।
- प्रधानध्यापक तथा शिक्षकको भुमिका सुदृढ गर्न प्रधानाध्यापकले नगरपालिका र विधालय व्यवस्थापन समिति सँग र शिक्षकले प्रधानाध्यापक सँग शिक्षक गुणस्तर सुधार सम्झौता गर्नु पर्ने व्यवस्था कायम राखिनेछ ।

- आधुनिक शिक्षण सिकाई पद्धतिका लागि शिक्षक तालिम, शैक्षिक सामग्री व्यवस्थापन जस्ता क्रियाकलापहरुमा सहयोग र सहकार्य गर्न इच्छुक गै.स.संस्था तथा निकायहरुबाट प्रविधि तथा आर्थिक सहयोग लिई नगरको शैक्षिक गुणस्तर लाई थप सुदृढ गरिने नीति अवलम्बन गरिनेछ ।
- सबै विधालयमा बाल क्लबको गठन अनिवार्य गरिनेछ । विधालयमा फुलबारी तथा करेसाबारी निर्माण गरी हरियाली, सफा र सुन्दर विधालय बनाउने बाल क्लबलाई पुरस्कृत गरिनेछ ।
- सरोकारवालहरुको सहभागीतामा दिवाखाजा कार्यक्रम र निशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई व्यवस्थित बनाइनेछ ।
- विधालयमा निकासा भएको रकमको सदुपयोग समयमै प्रवाहकारी रुपले भए नभएको अनुगमन मूल्याकंन गर्न नगरपालिकाबाट आन्तरिक लेखा परिक्षण गरी विधालयमा सुशासन र जवाफदेहिताको अभिवृद्धि गरिनेछ ।
- प्राविधिक शिक्षाको लागि दलित,अल्पसंख्यक, अपांग, विपन्न तथा जेहनदार विधार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- मनराशिसवा नगरपालिकामा संघीय सरकारको सहकार्यमा कृषि क्याम्पस स्थापना गरिने छ ।
- यस नगरमा पहिलो चरणमा एउटा नमुना विद्यालय निर्माण गरिनेछ ।
- प्रत्येक वडामा माध्यमिक विद्यालय सञ्चालन गर्ने लक्ष्य अन्तर्गत यस वर्ष कमतिमा थप दुइ वटा वडामा माध्यमिक विद्यालय सञ्चालन गरिनेछ ।
- संस्थागत तथा सामुदायीक विद्यालयहरुमा आधारभुत तह सम्म संस्कृत विषय राखिनेछ ।
- नगरमा एक आधुनिक रंगशाला निर्माण गर्न नीति लिइनेछ ।
- शिक्षा क्षेत्रको प्रवर्धनको लागि आवश्यक्ता अनुसार नगर शिक्षक नियुक्त गरिनेछ ।
- विद्यालयहरुमा योग कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस नगर भित्र “नशामुक्त युवा अभियान” सञ्चालन गरिनेछ ।
- कृषिमा आधारित उद्योग व्यवसायलाई प्रोत्साहन गरी युवाहरुको लागि रोजगारी सृजना गरिनेछ ।
- युवाहरुमा देखिएका वृकृतीहरुलाई न्युनीकरण गर्नको लागि समय समयमा युवा संस्कार शिविरहरुको आयोजना गरिनेछ ।

- शिक्षा क्षेत्रको समस्या र विद्यार्थीको हौसला प्रर्बद्धनका लागि **"विद्यार्थी संग नगर प्रमुख"** कार्यक्रमको योजना बनाइ लागु गरिनेछ ।

## स्वास्थ्य नीति

- **"स्वस्थ शरीर, स्वस्थ मस्तिकका लागि योगमा बानी समृद्ध मनराशिसवा बनाउन युवा लगानी"** नाराका साथ एक गाउँ एक योग केन्द्रको विकास गर्ने नीति अवलम्बन गरी योग प्रशिक्षण कार्यमा स्वयं सेवी युवा परिचालन गरिने नीति लिइनेछ ।
- आधारभुत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि नगर भित्रका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार द्रारा निशुल्क वितरण गर्ने भनी तोकिएका औषधिहरु सरल रुपमा उपलब्ध गराइनेछ । यसको लागि अगामी आ.व.२०७९।८० को प्रथम चौमासिक भित्र नै सम्पुर्ण खरिद प्रकृया सम्पन्न गरी स्वास्थ्य संस्थाहरुमा औषधि पुर्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन अत्याधुनिक स्वास्थ्य प्रयोगशाला स्थापना गर्ने र आधारभुत स्वास्थ्य सेवामा पहुँच गरिनेछ ।
- आयुर्वेद स्वास्थ्य सेवा अन्तर्गत प्रदान गर्दै आएको सेवालाई थप विस्तार गर्दै प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थामा मात्रै सिमित रहेका स्वास्थ्यकर्मीहरुलाई नागरिक सँग भेट गरी सामुदायिक स्वास्थ्यको वास्तविक अवस्थाको बारेमा परिचित हुन र सेवा तथा परामर्श प्रदान गर्न कम्तिमा वर्षको एक पटक नागरिकको घरदैलोमा स्वास्थ्यकर्मी पुग्ने गरी जनता स्वास्थ्य घरदैलो कार्यक्रम संचालन गरिनेछ ।
- नगरका सम्पुर्ण नागरिकहरुको र विशेष गरी गर्भवती, सुत्केरी तथा बालबालीहरुको पोषण स्थितीलाई प्रवर्द्धन गर्न बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारीताका साथ संचालन गरिनेछ ।
- खानेपानी सरसफाई स्वच्छता सम्बन्धी जनचेतना तथा फोहर व्यवस्थापन वर्गीकरण र न्युनिकरण सम्बन्धी समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- दीर्घ रोगिहरुको लागि रु २५००० सहयोग दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मनराशिसवा नगरपालिकालाई ५ वर्ष भित्रमा जन्म देखी ५ वर्ष सम्मका बालबालिका तथा गर्भवति तथा सुत्केरी आमालाई कुपोषण मूक्त नगरपालिका बनाउने लक्ष्य लिइनेछ ।
- नगरपालिका भित्र सञ्चालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिला लाई निशुल्क सुपानेट झुल वितरणलाई निरन्तरता दिइने छ ।
- नगरपालिका भित्र सञ्चालित बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन एम्बुलेन्स बाट ल्याउने यस पालिकाका गर्भवती महिलालाई निशुल्क गरिनेछ ।
- मनराशिसवा नगरपालिकाको वडा नं. १ देखी वडा १० सम्म कालाजार तथा औलो विरुध औषधी छिरकाउ गरिनेछ ।
- लाम खुट्टे नियन्त्रन गर्न आवश्यक प्रविधिहरु अपनाईनेछ ।
- आयुर्वेद औषधालयलाई चिकित्सक सहितको सुविधा सम्पन्न आयुर्वेद केन्द्रको रुपमा विस्तार गर्न नीति लिइनेछ ।
- नगर भित्र पाइने स्थानीय जडीबुटीहरुको पहिचान सहितको तथ्यांक संकलन गरी अभिलेखीकरण गरिनेछ ।
- बैकल्पिक चिकित्सा पद्धतीहरुको रुपमा प्राकृतिक चिकित्सा पद्धतीलाई अबलम्बन गरिनेछ ।
- रोग अनुसारको याग शिविर सञ्चालन गरिनेछ ।

## लैगिँक समानता तथा समावेशिकरण नीति

- नगर क्षेत्रभित्र रहेका धार्मिक,सांस्कृतिक र पुरात्तात्विक महत्वका धरोहरहरुको संरक्षण र सर्म्वद्धनमा विशेष जोड दिई विभिन्न जातजातीका ललितकाला र संस्कृतिको संरक्षण साथै जर्गेना र सम्बर्द्धन गरिनेछ ।
- जनजाति, दलित, मुसलिम तथा अल्पसंख्यकहरुको क्षमता विकास गर्दै उनीहरुका परम्परागत सीप र पेशाको संरक्षण गरी आयआर्जनमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

- धार्मिक सहिष्णुता अभिवृद्धि गर्नका लागि नगर क्षेत्रभित्र रहेका मठ मन्दिर,मदरसा लगायतका धार्मिक संस्थाहरुको स्तरोन्नती गर्ने व्यवस्था मिलाइनेछ ।
- सघींय सरकार एवं प्रदेश सरकारको नीति अनुरुप वालविवाह निर्मूल नगरपालिका घोषणा गर्नको लागि महिला जागरण समुह एवं टोल विकास संस्थाहरुलाई सामुदायिक परिचालनका माध्यमबाट अग्रसर गराइनेछ ।
- ज्येष्ठ नागरिकलाई अनुभव आदान प्रदान, भलाकुसारी एवं मनोरञ्जनका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र जस्ता उपयुक्त स्थानको खोजी गरी सामग्री हस्तान्तरण मार्फत ज्येष्ठ नागरिक मिलन केन्द्र संचालनमा ल्याइनेछ ।
- नगर क्षेत्रमा यौनजन्य हिँसा एवं सहमतीमा हुने यौन जन्य दुर्वव्यवहार विरुद्धमा सचेतनामुलक कार्यक्रम, किशोर किशोरीलाई जीवनउपयोगी सीप लैंगिक हिँसा न्युनिकरण,जातीय छुवाछुत विरुद्धका कार्यक्रम साथै लक्षित वर्ग केन्द्रित विविध कार्यक्रमहरु संचालन गरी समाजमा सचेतना जागरण कार्यक्रम गरिनेछ ।
- महिला शसक्तिकरणका लागि **“महिला दिदी बहिनी संग नगर उप प्रमुख”** कार्यक्रम सञ्चालन गरिनेछ ।

# पूर्वाधार विकास नीति

## सडक तथा यातायात

- नगरको समग्र विकास निर्माण कार्य “आधुनिक तथा दिगो विकास” आधारमा गुरु योजना निर्माण गरि कार्यान्वयन गरिनेछ |
- नगरपालिका भित्र हुने भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न निर्माण सामग्री परिक्षण प्रयोगशाला निर्माण गरिनेछ | परिक्षण प्रयोगशाला निर्माण नभएसम्म नेपाल सरकार तथा नाप तौल गुणस्तर विभागबाट मान्यता प्राप्त अन्य सरकारी तथा निजि प्रयोगशालाबाट गरिने परिक्षणलाई समेत मान्यता प्रदान गर्ने नीति लिइनेछ |
- नगर भित्रको सम्पूर्ण सडकहरुको वर्गीकरण गरी मापदण्ड तोकिनेछ |
- सडकहरुलाई फराकिलो बनाउनका निम्ति जनसमुदाय माझ समन्वय गरिनेछ |
- न पा को केन्द्र देखि हरेक वडा सम्म कालोपत्रे तथा आर सी सी सडक निर्माण लाई प्राथमिकता दिइनेछ |

- प्रत्येक वडामा “नालाको संजाल निर्माण तथा ढल निकास व्यबस्थापन” कार्यक्रम संचालन गरिनेछ |
- सडक मात्रै नभई सडक संजाल को निर्माण गरिनेछ |
- नगर चक्रपथ विशेष प्राथमिकताका साथ निर्माण गरिनेछ |
- नगर सवारी संचालन गर्ने नीति लिइनेछ |
- नगर भित्रका सम्पूर्ण सडकहरुलाई बार्है मास संचालन योग्य बनाउन बार्षिक सडक मरम्मत सम्भार योजना निर्माण गरि लागु गरिनेछ |
- आवश्यक स्थानमा पुल, कल्भर्ट ,कजवे निर्माण गरिनेछ |
- अन्तर नगरपालिका जोडने सडकहरुलाई संघिय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरि निर्माणको लागि पहल गरिनेछ |
- निजि यातायात लाई नियमन तथा व्यवस्थापन गरिनेछ |
- सडकहरु निर्माण गर्दा वातावरणमैत्री प्रविधि अवलम्बन गरिनेछ |

## भवन ,आवास तथा सहरी विकास

- भवन अभिलेखीकरण लाई निरन्तरता दिईनेछ |
- नगरपालिका क्षेत्रभित्र नया भवन निर्माणका लागि न.पा. कार्यालयबाट निर्माण स्वीकृति लिन तथा नक्सा पास गराउनका निम्ती जनसमुदायलाइ उत्प्रेरित गरिनेछ |
- वस्ती विकास, आवास सहरी योजना तथा भवन निर्माण मापदण्ड अनिवार्य रुपमा पालना गराइनेछ ।
- प्रत्येक गाउँमा अपांग मैत्री बहुउद्देशीय सामुदायिक तथा योग भवन प्राथमिकताका साथ निर्माण गरिनेछ |
- नगरमा एक आधुनिक स्तरको सभाहल निर्माण गरिनेछ |
- विद्यालय, स्वास्थ्य चौकी,वडा कार्यालय को मर्मत तथा स्तरोन्नति गरिनेछ | आवश्यकता अनुसार यी पूर्वाधारहरु को नया निर्माण समेत गरिनेछ |
- नगरपालिकाको प्रशासकीय भवन तथा १५ बेड होस्पिटल बिल्डिंग निर्माणकार्य लाई चाडै सम्पन्न गर्न जोड दिइनेछ |
- दलित तथा विपन्न परिवारहरुलाई जनता आवाश कार्यक्रम सञ्चा लन गरिनेछ ।
- उज्यालो नगरको लागि सोलार वती,पोल वती,हाइमस्त टावरलाईट कार्यलाई थप स्थानमा विस्तार गरिनेछ |

- अतिक्रमणमा रहेका ऐलानी जगगा,पर्तिप्रात हरु पहिचानगरि अतिक्रमण मुक्त बनाईनेछ |
- प्रत्येक गाउँमा असमसानघाट निर्माणको नीति लिइनेछ ।
- नगरमा एक वृद्धा आश्रम तथा जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।

## उर्जा

- नविकरनीय उर्जा श्रोतको प्रयोगलाई जोड दिइनेछ |
- विधुत चुहावटमुक्त नगर बनाईने छ |
- बायोग्यास उत्पादनका निम्ति आवश्यक सिप र प्रविधि सम्बन्धि तालिमको व्यबस्था गरिनेछ |
- सोलार उर्जाको प्रयोगबाट उर्जा क्षेत्रमा आत्म निर्भर नगर बनाईने छ ।
- संघ तथा प्रदेश सरकारसंग समन्वय तथा सहकार्यमा उर्जा क्षेत्रका सम्भाव्य क्षेत्र पहिचान गरि विकास गरिनेछ |
- विद्युतिय सवारी साधनहरुको प्रयोगलाई प्रोतसाहन गर्न नगर भित्र चार्जिङ स्टेशनको स्थापना गरिनेछ ।
- कृषि विद्युतीकरणको लागि नेपाल विद्युत प्राधिकरण संग समन्वय गरिनेछ ।

## सिचाई

- मनरा शिसवा नगरपालिकाको सबै वडाहरुमा रहेका खेतीयोग्य जमिनको तथ्यांक संकलन गरि कमाण्ड एरिया छुट्ट्याई सिचाई व्यबस्थापनका लागि  सतह सिचाई, भूमिगत सिचाई (स्यालो तथा डिप बोरिंग ) को प्रविधि अवलम्बन गरिनेछ |
- कृषियोग्य जमिन रहेका  स्थलहरुमा पक्कि कुलोको निर्माण गरिनेछ |
- यस न.पा. क्षेत्रभित्र   पर्ने नदिहरुमा  नदि  नियन्त्रणका कार्यहरु गरिनेछ |

## संचार

- नगरपालिकाको वेव साइटलाई पूर्ण रुपमा अध्यावधिक गरि नगरबासीले गुनासो गर्नसक्ने र नगरका गतिविधिहरुका बारेमा घरमै बसी जानकार हुने व्यवस्था गरिनेछ |
- नगर भित्र आवश्यक स्थानहरुमा फ्री वाई फाई जोनहरु सञ्चासलन गरिनेछ ।
- नगर भित्र सञ्चाकरको निम्ती सरोकारवालाहरु संग टावरको आवश्यक प्रबन्ध मिलाई सहज गरिनेछ ।
- नगर भित्र ल्यान्डलाइन टेलिफोन, इन्टरनेट सुविधाको निम्ती सरोकारवालाहरु संग आवश्यक पहल  गरिनेछ ।

- स्थानीय संचारकर्मीहरुको लागि क्षमता विकासका लागि तालिम,गोष्टि को प्रवन्ध गरिनेछ र उत्कृष्ट हुनेलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ |

## वातावरण तथा विपद् व्यवस्थापन

- विपद जोखिम न्युनिकरणका लागि जोखिम युक्त पहिचान तथा नक्साङ्कन गरिनेछ ।
- पर्याप्त हरियाली  सहितको फुलै फुल भएको पालिका निर्माणमा समुदाय स्तरको बढी महत्व राख्ने हुँदा समुदाय परिचालनमा जोड दिइनेछ । वातावरण संरक्षण कार्यमा उत्कृष्ट कार्य गर्ने व्यक्ति एवं समुदायलाई पुरुष्कृत गरिनेछ । सडक अवागमनमा अवरोध सिर्जना गर्ने र नगर सौन्दर्यता बिगार्ने कार्यलाई नियन्त्रण गर्न निर्माण सामग्रीहरुलाई सार्वजनिक  सडक तथा खुला स्थानमा राख्नमा रोक लगाइनेछ ।
- नगरवासीहरुको स्वास्थ्यलाई मध्यनजर गरी वातावरणीय स्वच्छता कायम गर्न प्रदुषण उत्सर्जन गर्ने प्रकृतिको उधोगहरुको प्रदुषण कम गर्न नगरपालिका बाट नियमति अनुगमन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका निजी,सामुदायिक वन व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा गर्ने,वन क्षेत्रको नक्साङ्कन गरिने,वन संरक्षण  सम्बन्धि सरोकारवालाहरुलाई तालिम गरिनेछ ।
- वृक्षारोपणको लागि आवश्यक विरुवा उत्पादनका लागि स्थानीय समुदायलाई नर्सरी स्थापनको जिम्मा दिइनेछ ।
- हरित मनराशिसवा अन्तर्गत एक घर एक विरुवा वितरण कार्यक्रम सञ्चानलन गरिनेछ ।
- वातावरण प्रदुषण न्यूणीकरणको लागि वैकल्पिक विधिहरु अपनाइनेछ ।

## खानेपानी,सरसफाई तथा फोहर व्यबस्थापन

- खानेपानी,सरसफाई र स्वच्छताको सन्धर्भमा नयाँ नौलो र सृजनशील कार्यको लागि निजि क्षेत्र र विकास सांझेदारहरुसंग सहकार्य गरिनेछ|
- सार्वजनिक शौचालयहरुको मरम्मत गरि प्रयोगमा ल्याउने र आवश्यकता अनुसार निर्माण गर्ने नीति लिइनेछ |
- खानेपानीको पहुँच नभएका घरपरिवारलाई ह्यान्डपम्प सेट जडान गरिनेछ |
- सुरक्षित खानेपानीको प्रयोगलाई सुनिश्चित गर्न टोल टोलमा खानेपानीको गुणस्तर चेकजाँच गरिनेछ ।

- सार्वजनिक सडकमा जनावर बाध्ने ,गोबर ,पराल,घाँसहरु राख्ने क्रियाकलापहरुलाई रोक लगाइने छ |
- सडकको पेटीमा व्यपार ब्यबसाय गर्न रोक लगाई व्यवस्थित रुपमा व्यापार व्यवसाय गर्न उचित प्रबन्ध मिलाइने छ |
- नगर क्षेत्रभित्र प्लास्टिक झोलाको प्रयोगलाई न्यूनीकरण गरि वैकल्पिक झोलाको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ |
- आवश्यकताको आधारमा सरसफाईको लागि थप साधन र उपकरण व्यवस्था गरिने छ |

## संस्थागत विकास तथा सेवा प्रवाह

- जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झनझटमुक्त,छिटोछरितो,सर्वसुलभ,जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आवद्ध गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा गुणासो र सुझाव पेटिका को व्यवस्था गरिनेछ । जनताको गुणासोलाई सम्बोधन गर्न संयोजक्तवमा एक गुणासो सुनवाइ समिति गठन गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहको प्रभावकारीता मापन गरि समसमायिक सुधार गर्नका लागि निरन्तर अनुगमन मुल्याङ्कनको संयत्र गरिनेछ ।
- वेबसाइट मार्फत सम्पुर्ण सुचनाहरुलाई सार्वजनिक गरिने कार्यालाई प्रभावकारी बनाइने छ । सेवा प्रवाह तथा काम कारबाहीका सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनवाई तथा समाजिक परिक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- नगरको विकास एवं तथा सार्वजनिक क्षेत्रमा उत्कृष्ट योगदान एवं सहयोग गर्ने विशिष्ट व्यक्तिहरुलाई सम्मान गरिनेछ ।
- कार्यरत कर्मचारीहरुको बहुआयमिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्य सम्पदान गरिने जिम्मेवारी दिइनेछ ।
- कर्मचारी प्रशासन लाई क्षमता विकास का तालिम तथा नविनतमा प्रविधिको ज्ञान मार्फत प्रतिस्पर्धी र प्रभावकारीता बनाइनेछ ।
- नगर भित्र रहेका सार्वजनिक ऐलानी जग्गा, गौचर,पोखरी,इनार लगायत सार्वजनिक महत्वका स्थानहरुको तथ्याङ्क सङ्कलन गरी संरक्षण गरिनेछ ।
- नगरबासीसंग नगर प्रमुख संवाद कार्यक्रम सञ्चातलन गरिनेछ ।
- नगरबासीको संवादको लागि नगरमा एक टोल फ्री नम्बरको व्यवस्था गरिनेछ ।
- नगरमातहतका कार्यालय तथा विद्यालयमा डिजिटल ई- हाजिरीको व्यवस्था गरिनेछ ।

# न्यायिक कार्य सम्पादन सम्बन्धी नीति

१. न्यायिक समितिलाई नगरपालिकाको मुख्य अंगको रुपमा स्थापित गरि न्याय सम्पादन कार्यलाई सर्वसुलभ तथा थप प्रभावकारी बनाइनेछ ।

२. गाउँबस्तीमा हुने साना तिना विवाद समाधान गर्न मेलमिलापकर्ताहरुको माध्यम अपनाउने नीति लिइनेछ ।

३. विवादका पक्षहरुलाई उजुरी दर्ता गर्न सहजिकरणका लागि वडा कार्यालयहरुलाई सम्पर्क कार्यालयको रुपमा विकास गरिनेछ ।

४. न्याय सम्पादनका लागि नगरपालिकामा छुट्टै न्यायिक इजलासको व्यवस्था गरिनेछ ।

५. न्यायिक समितिको कार्य सञ्चालनमा दस्तावेजिकरण तथा तथ्याङक आवधिक गर्न सूचना प्रविधि मैत्रि निति लिइनेछ ।

## आदरनीय महानुभावहरु :

मनराशिसवा नगरपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदानको मार्गदर्शन र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी नगरकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय नगरसभामा आगामी आ.व. २०७९।०८० को अनुमानित प्रस्तावको आय-व्ययको विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।
मनराशिसवा नगरपालिकाको आगामी आ. व. २०७९/०८० को लागी कुल बजेट रु. ५३,१८,७६,००० ।-(त्रिपन्न करोड अठारह लाख छियत्तर हजार) विनियोजन गरेको छु
।

| सि.नं. | शीर्षक | आ.व.२०७९।०८० को अनुमान |
|---|---|---|

| | | |
|---|---|---|
| १ | आन्तरिक श्रोत(अनुमानित) | १,००,००,०००।- |
| २ | राजश्व बाडफाडबाट प्राप्त रकम | १०,९७,००,०००।- |
| | संघीय सरकार | |
| ३ | १३३११ समानीकरण अनुदान | १५,६०,००,०००।- |
| ४ | १३३१२ शसर्त अनुदान चालु | २२,५८,००,०००।- |
| ५ | बिशेष अनुदान | १,४०,००,००० |
| | प्रदेश सरकार | |
| ५ | २६३३१ वित्तिय समानीकरण | १,१३,७६,००० |
| ६ | २६३३३ बिशेष अनुदान | ३०,००,०००।- |
| ७ | २६३३४ समपुरक अनुदान | २०,००,०००।- |
| | कुल जम्मा- | ५३,१८,७६,०००।- |

## उपस्थित महानुभावहरु,

प्रस्तावित बजेट एवं योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमहरुको कार्यान्वयनको सुनिश्चितता, पारदर्शीता र उत्तरदायित्वमा थप प्रवर्द्धन हुने विश्वास लिएका छौ । हामीले आफुलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउँदै सरोकारवालाहरु विचको सहकार्य, समन्वय, सुझाव र सहमतीपुर्ण वातावरणलाई अनुकुल परिवेशमा लैजाने र प्रभावकारी ढंगका साथ साधनहरु परिचालन गरी मनराशिसवा नगरपालिकाका जनताको लागी नजिकको जिम्मेवार सरकार हुने भन्ने मान्यतालाई प्रमाणित गर्नेछौ । यो प्रयासलाई सार्थक तुल्याई दिन सहयोग पुर्याउने सवै प्रमुख अतिथि, उप प्रमुख, विशिष्ट अतिथि, अतिथि, नगर सभासद ज्यूहरु पत्रकार, विषयगत क्षेत्रका प्रतिनिधी, राजनैतिक दलका पदाधिकारीहरु तथा नगर कार्यपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुका साथै यस कार्यमा सहयोग गर्नुहुने आदरणीय सम्पुर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौ ।

स्वच्छ ।  सुन्दर ।।  समुन्नत ।।।  मनराशिसवा ।।।।

अन्तमा यस नगरसभाबाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वन्धित सवै पक्षबाट निरन्तर सहयोगको अपेक्षा गर्दै यस कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउने निर्वाचित जनप्रतिनिधी ज्यूहरु तथा यस मनराशिसवा नगरपालिकाका कर्मचारी ज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छौ । धन्यवाद

*जय मनराशिसवा नगरपालिका*

**मिति २०७९ साल असार १० गते रोज ६ शुभम् ।**